# “मेरा भेँडाहरूलाई खुवाऊ", १ र २ पत्रुस
# (Feed My Sheep, 1 and 2 Peter)

लेखक:

रोबर्ट म्याकइभर

भावानुवादक:
भजुराम तखाछेँ श्रेष्ठ
(Translator: Bhaju Ram Takhachen Shrestha)

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च
नेपाल सेक्सन
नेपाल

ई.सन् २०१७ (बि.सं. २०७३-७४)

नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्ने:
जितेन्द्र श्रेष्ठ

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग**

प्रथम संस्करण : २०७३ (ई.सं. २०१७)

सम्पादन सहयोगी - अमर पोते

कम्प्यूटर लेआउट तथा आवरण चित्र
**सुजीत कुमार साह**

**भाषा शुद्धिकरण:** धन बहादुर पुलामी

**प्रकाशक:**
उमेश कुमार पोखरेल,
सम्पर्क: ९८४३२२८६०६,
ईमेल ठेगाना umesh.shantipokharel@gmail.com

सम्पर्क:-
भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२ **bhajupurna@gmail.com**
आन्तरीक प्रयोगको निम्ति मात्र

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उदृध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उदृध गरिएका छन्।

# भूमिका

## भेँडाहरूलाई खुवाउनु

१ र २ पत्रुस यस पुस्तकको विषयबस्तु हो। पत्रुसका आफ्नै वचनहरू हामी पढ्नेछौं। प्रायजसो येशूले परमेश्वरको निम्ति गर्नुभएको अत्यन्त महत्त्वपूर्ण कामहरूको प्रतक्ष्यदर्शी पत्रुसका आफ्नै लेखहरू पढ्न पाउनु हामीहरूको निम्ति अत्यन्त हर्षको कुरो हो। पत्रुसले येशूसँग धेरै समयमात्र बिताएनन्, उनी पहिला इसाईहरूको बीचमा प्रथम लोकप्रिय अगुवा पनि हुन पुगेका थिए। ती तथ्यहरूले गर्दा पत्रुसका पत्रहरू पढ्नु हाम्रो निम्ति अत्यन्त उपयोगी साबित हुन्छ। तर ती पत्रहरू अरू कारणले गर्दा पनि विशेष हुनगएको छ। पत्रुसले ती पत्रहरू ती चर्चहरूको निम्ति लेखेका थिए जो कठिन समय गुजारिरहेका थिए। चर्चका बाहिरका शत्रुहरूबाट विश्वासीहरू सतावटको सामना गरिरहेका थिए। त्यतिमात्र नभएर चर्चभित्रै कतिपय धर्मगुरूहरूको उदय भइरहेका थिए जो विश्वासीहरूलाई गलत दिशातर्फ लगाइरहेका थिए। अर्थात् तिनीहरू इसाई अगुवा हौं भनेर दावी गर्दै सर्वसाधरण विश्वासीहरूलाई झुटो शिक्षा सिकाएर येशूका सही शिक्षाहरूबाट बहकाउँदै थिए।

क्रिश्चियन हुँ भनेर दावी गर्ने तर भ्रमका खेती गर्ने झुटा धर्मगुरूहरूबाट सचेत रहन पत्रुसले चेतावनी दिएका थिए। सरल विश्वासीहरूलाई तिनीहरूले के सम्म गर्नेछन् भनेर पनि उनले सतर्क गराएका थिए। “येशूको आगमनको प्रतिज्ञा खोइ? युगौंदेखि हामीहरूका मानिसहरू मरिरहेका छन् र पहिला जस्तो छ त्यस्तै समय गुज्रिरहेको छ। साँच्चिकै भनौं भने यस संसार परमेश्वरले जसरी सृष्टि गर्नुभयो त्यसै अनुसार चलिरहेको छ।" (२ पत्रुस ३:४ रूपान्तरित)। पत्रुसले कोरेका ती प्रथम शब्दहरू

बितेका कमसेकम दुई हजार वर्ष भयो। र अहिले पनि उनले भनेका ती वचनहरू समयसापेक्षित भएर खडाभइरहेका छन्।

कथित वा झुटा क्रिश्चियन अगुवा वा गुरूहरूको उदयको बारेमा पत्रुसले गरेका चर्चा केवल एक बिषयमात्र हो। चर्चहरूले सहनुपरेका सतावटहरू पनि अर्को विषय हो जुन पत्रुसले लेखेका थिए। यस विषयमा उनले बारम्बार चर्चा गर्दछन्। चर्चले भोगिरहेका दुःखकष्ट येशूकै दुःखको प्रतिबिम्ब हो भनेर पत्रुसले भन्दछन्। जब येशू क्रुसमा मर्नुभयो तब उहाँले हामीहरूको पाप आफ्नो शरीरमा बोक्नुभयो (१ पत्रुस २:२४)। तर हामीहरूको निम्ति असल समाचार त यो छ किः येशूको मृत्युले अरू केही नभएर हामीहरूलाई पापले गर्दा अनन्त मृत्युबाट छुट्कारा दिलाइदियो। र उहाँको मृत्युले ती मानिसहरू पवित्र जीवन बिताउन सम्भव हुन पुग्यो जसले उहाँमाथि भरोसा राख्दछन् (१ पत्रुस २:२४)।

येशू ख्रीष्ट हामीहरूको पापको निम्ति मर्नुभयो भनेर पत्रुसले भन्दछन्। येशू यस पृथ्वीमा फेरि फर्कनुहुनेछ र त्यसपछि उहाँले परमेश्वरको न्यायको नतिजा कार्यान्वयन हुनेछ (२ पत्रुस ३:१०-१२)। आउने न्यायले गर्दा प्रत्येक विश्वासीको जीवन परिवर्तित हुनुपर्छ भनेर पत्रुसले आफ्नो स्पष्ट धारणा राख्दछन्। जब येशू फर्कनुहुन्छ तब सबै पाप उहाँले नाश गर्नुहुनेछ। उहाँले यस पृथ्वीलाई आगोद्वारा सफा गर्नुहुनेछ (२ पत्रुस ३:७)। अनि विश्वासीहरूको निम्ति स्वर्गमा परमेश्वरले साँचि राख्नुभएको हिस्सालाई उहाँले सुम्पिदिनुहुनेछ।

येशूका भक्त हौं भनेर दावी गर्नेहरूले कस्तो खालको जीवन बिताउनुपर्छ भनेर पत्रुसले उपयोगिमूलक शब्दहरू प्रयोग गरेर बताउँछन्। येशूभक्तहरूको सब भन्दा मूल धर्म नै एक आपसमा

प्रेम गर्नु हो अर्थात् एक आपसमा प्रेम गर्नु नै इसाईहरूको प्रथम र उच्च प्राथमिकता हुनुपर्छ (१ पत्रुस ४:८)। पत्रुसले सारांसमा आफ्नो भावना यसरी व्यक्त गरेको पाइन्छ, "अन्तमा, तिमीहरू सबैको एक मत भएको म चाहन्छु। एक आपसमा बुझ्ने होऊ। एक आपसमा प्रेम गर। एक आपसमा दया देखाऊ र  कोमल होऊ। नम्र भएर झुक्ने होऊ।" (१ पत्रुस ३:८ रूपान्तरित)।

सुसमाचारको बारेमा पत्रुसले आफ्ना पत्रहरूद्वारा अत्यन्त सच्चा हृदयले घोषणा गरेको पाइन्छ। सारा बाइबलको मूल सन्देश नै सुसमाचार हो। प्रभुको मुक्ति दिने अनुग्रहको बारेमा पक्का हृदयले कसैलाई थाहा छ भने त्यो पत्रुस नै हो। एक फेरा येशूलाई चिन्दिँन भने अस्वीकार गर्ने पत्रुस नै थिए। उनले सार्वजनिक रूपमै येशूलाई अस्वीकार गरेका थिए। उनले किरिया खाएर नै यसरी ठोकुवा गरेका थिए, “कस्को बारेमा तपाईँ भनिरहनुभएको छ सो म चिन्दिँन।" (मत्ती २६:७४ रूपान्तरित)। तर त्यही पत्रुस थिए जसलाई येशूले पछि भन्नु भएको थियो, “मेरा भेँडाहरूलाई (येशूका भक्तहरू) खुवाऊ।" (यूहन्ना २१:१७ रूपान्तरित)। पत्रुसले प्रभुका भेँडाहरूलाई खुवाउने के खुराक थिए भनेर थाहा पाउनुपर्दा उनका दुई पत्रहरू ज्वलन्त उदाहरणको रूपमा प्रस्तुत भएको छ।

पत्रुसले खुवाउने खुराकमा विश्वासद्वारा  येशू ख्रीष्टबाट मुक्ति पाउने महान् सन्देश पर्दछ। पत्रुसका सहकर्मी पावलले पनि त्यही महान् सत्यको बारेमा प्रचार गरेका थिए। परमेश्वरको अनुग्रहको मूल विषयबस्तु नै विश्वासद्वारा येशूमा पाइने मुक्ति हो। अनुग्रह भनेको पत्रुसको निम्ति केवल धारणामात्र होइन भनेर हामीलाई थाहा छ। त्यो केवल शिक्षा वा पाठ पढाउने विषयमात्र होइन। तर पत्रुसले अनुग्रहको बारेमा राम्रोसँग व्याख्या गर्न

सक्छ किनभने उनले आफ्नै जीवनमा प्रभुको अनुग्रहको अनुभव गरेका थिए।

पन्ध्रौं शताब्दीका प्रख्यात इसाई सुधारबादी मार्टिन लुथरले पत्रुसका बारेमा आफ्नो पुस्तकमा यसरी व्यक्त गरेका छन्, "सन्त पत्रुसले लेखेका पत्रहरू नयाँ करारका पुस्तकहरूमध्ये एक अत्यन्त महान् पुस्तक हुन्। पावल र अरू सुसमाचार प्रचारकहरूले जे गरे त्यही पत्रुसले पनि गरे। हामीहरूको विश्वास अर्थात् आस्थाको सही शिक्षालाई पत्रुसले डोऱ्याएका छन्। हामीलाई येशू ख्रीष्ट कसरी दिइयो भन्ने कुरालाई पत्रुसले बारम्बार सिकाउँदछन्। येशू ख्रीष्टले हामीहरूका पापहरूलाई मेटी दिनुभयो र उहाँले हामीहरूलाई उद्धार गर्नुहुन्छ भन्ने विषय पत्रुसले सिकाउँदछ।"-कमेन्टरी अन इपिस्टल अभ पिटर एण्ड जुड (ग्राण्ड रापिडस्ः क्रेगल पब्लिकेशनस्, १९८२), पृ. २,३बाट रूपान्तरित।

उहाँका भेंडाहरूलाई खुवाऊ भनेर येशूले पत्रुसलाई अऱ्हाउनुभएको थियो। ती भेंडाहरूमध्ये हामी पनि हौं। त्यसकारण पत्रुसले तयार गरेक आत्मिक खुराक हामी पनि खाऔं।

यस अध्ययन पुस्तकको लेखक रोबर्ट के. म्याकइभर न्यु जिल्याण्डमा हुर्कनुभएको थियो। उहाँले आफ्नो जीवनको मूख्य कार्यकाल अस्ट्रेलियाको आभोन्डेल कलेजमा बिताउनु भएको छ। त्यहाँ उहाँले बाइबल र पुरातत्व पढाउनुहुन्छ। उहाँले धेरै पुस्तकहरू लेख्नुभएको छ। उहाँका दुई पुस्तकहरूमा *फोर फेसेज् अभ जीसस* र *बियोन्ड डा भिन्सी कोड* हुन्।

# विषयसूची


| अध्याय | | पृष्ठ |
| --- | --- | --- |
| १. | पत्रुसलाई भेट्नुहोस् | १ |
| २. | कहिल्यै नाश नहुने बरदान | १३ |
| ३. | पूजारीहरूका राज्य | २४ |
| ४. | अरूहरूसँग हामीहरूको सम्बन्ध | ३७ |
| ५. | परमेश्वरको निम्ति जिउनु | ५३ |
| ६. | येशू ख्रीष्टको निम्ति कष्ट भोग्नु | ६५ |
| ७. | सेवक नेतृत्व | ७९ |
| ८. | पत्रुसका लेखहरूमा येशू | ९५ |
| ९. | आफू को हो त्यो नै हुनु | १०९ |
| १०. | बाइबल र भविष्यवाणी | १२६ |
| ११. | झुटो धर्मगुरूहरू | १४१ |
| १२. | परमेश्वरको दिन | १५९ |
| १३. | १ र २ पत्रुसका मुख्य बिषयबस्तुहरू | १७२ |

# अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन अध्ययन असार १० २०७४ (जुन २४, २०१७)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | चैत्र १२-१८ (मार्च २५-३१) |
| २ | अध्याय २ | चैत्र १९-२५ (अप्रिल १-७) |
| ३ | अध्याय ३ | चैत्र २६- बैशाख १ (अप्रिल ८-१४) |
| ४ | अध्याय ४ | बैशाख २-८ (अप्रिल १५-२१) |
| ५ | अध्याय ५ | बैशाख ९-१५ (अप्रिल २२-२८) |
| ६ | अध्याय ६ | बैशाख १६-२२ (अप्रिल २९- मे ५) |
| ७ | अध्याय ७ | बैशाख २३-२९ (मे ६-१२) |
| ८ | अध्याय ८ | बैशाख ३०- जेष्ठ ६ (मे १३-१९) |
| ९ | अध्याय ९ | जेष्ठ ७-१२ (मे २०-२६) |
| १० | अध्याय १० | जेष्ठ १३-१९ (मे २७- जुन २) |
| ११ | अध्याय ११ | जेष्ठ २०-२६ (जुन ३-९) |
| १२ | अध्याय १२ | जेष्ठ २७-असार २ (जुन १०-१६) |
| १३ | अध्याय १३ | असार ३-९ (जुन १७-२३) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|
| १ चैत्र १२-१८ (मार्च २५-३१) | | | | | | | |
| २ चैत्र १९-२५ (अप्रिल १-७) | | | | | | | |
| ३ चैत्र २६- बैशाख १ (अप्रिल ८-१४) | | | | | | | |
| ४ बैशाख २-८ (अप्रिल १५-२१) | | | | | | | |
| ५ बैशाख ९-१५ (अप्रिल २२-२८) | | | | | | | |
| ६ बैशाख १६-२२ (अप्रिल २९- मे ५) | | | | | | | |
| ७ बैशाख २३-२९ (मे ६-१२) | | | | | | | |
| ८ बैशाख ३०- जेष्ठ ६ (मे १३-१९) | | | | | | | |
| ९ जेष्ठ ७-१२ (मे २०-२६) | | | | | | | |
| १० जेष्ठ १३-१९ (मे २७- जुन २) | | | | | | | |
| ११ जेष्ठ २०-२६ (जुन ३-९) | | | | | | | |
| १२ जेष्ठ २७-असार २ (जुन १०-१६) | | | | | | | |
| १३ असार ३-९ (जुन १७-२३) | | | | | | | |